म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २४७ २०८० साउन १७ गते बुधबार 2 Agust 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## पेट्रोल र डिजेलको मूल्य बढ्यो

## ग्यास प्रतिसिलिण्डर १३० रुपैयाँ घट्यो

हेटौँडाः नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य बढाएको छ। निगमले मंगलबार राति १२ बजेपछि लागू हुनेगरी पेट्रोल र डिजेलको मूल्य स्वचालित प्रणालीअनुसार बढाएको हो।

पेट्रोल प्रतिलिटर ९ रुपैयाँ तथा डिजेल र मट्टितेल प्रतिलिटर ७/७ रुपैयाँ बढेको छ। अब काठमाडौं उपत्यकामा पेट्रोल प्रतिलिटर १७३ रुपैयाँ तथा डिजेल र मट्टितेल प्रतिलिटर १५३ रुपैयाँ पुगेको छ। ठाउँअनुसार मूल्य फरक फरक छ। त्यस्तै खाना पकाउने एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डर १ सय ३० रुपैयाँ घटेको छ। खाना पकाउने ग्यासको मूल्य अब प्रतिसिलिण्डर १६६० रुपैयाँ पर्नेछ। भारतबाट नयाँ मूल्य आएलगत्तै निगमले स्वचालित प्रणालीअनुसार मूल्य समायोजन गरेको जनाएको छ।

# जाहेरीको एक महिनासम्म अभियुक्त भेटिएन

जमुना थिङ

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरमा बलात्कारको घटनामा किटानी जाहेरी दिएको एक महिनासम्म पनि अभियुक्त भेटिएका छैनन्। गत असार १७ गते एक नबालिकाले आफू पटकपटक बलात्कृत भएको भन्दै किटानी जाहेरी दिएकोमा अझै अभियुक्त पक्राउ पर्न नसकेको हो।

काठमाडौंमा रहेको एक गलैंचा कारखानामा काम गर्ने क्रममा कोठामा आफू पटकपटक बलात्कृत भएको भन्दै एक पुरुषविरुद्व नबालिकाले अभिभावकसँगै गएर जिल्ला प्रहरी कार्यालय मकवानपुरमा किटानी जाहेरी दिएकी थिइन्। हेटौंडा–३ बसामाडीकी १४ वर्षीया नबालिकाले आफू पटकपटक बलात्कृत भएको भन्दै २५ वर्षीय साइमन दोङविरुद्व किटानी जाहेरी दिएकी हुन्।

किटानी जाहेरी दिएको एक महिना हुँदा पनि बलात्कारको अरोप लागेका अभियुक्तलाई प्रहरीले पक्राउ गर्न सकेको छैन। सर्लाही जिल्लाको हरिवन नगरपालिका–१०, नयाँरोडका २५ वर्षीय दोङलाई प्रहरीले पक्राउ गर्न नसकेको हो।

नाताले दिदी पर्ने सिन्धुपाल्चोक जिल्लाकी २६ वर्षीया एक महिलाले दोङलाई बलात्कार गर्न सहयोग गरेको आरोप थियो। आरोपित महिला गर्भवती भएका कारण साधारण तारेखमा छाडिएको हेटौंडा–१० की वडा सहजकर्ता सविता बिष्टले जानकारी दिनुभयो। हेटौंडा–१० मा नबालिकाकी अभिभावक डेरा गरी बस्ने गरेको उहाँले बताउनुभयो। अहिले अभिभावककै सम्पर्कमा नबालिका रहेको उहाँको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक (डीएसपी) टेकबहादुर कार्कीले अभियुक्त दोङ प्रहरीको फरार सूचीमा रहेको बताउनुभयो। प्रहरी चौकीदेखि जिल्ला प्रहरी कार्यालय सबैमा दोङलाई पक्राउ पुर्जी जारी गरिसकेको उहाँको भनाइ छ। कहिँकतै दोङलाई देखेमा प्रहरी कार्यालयमा सम्पर्क गर्न उहाँले आग्रह गर्नुभयो। नबालिकाकी बाबुले आफूहरुको आर्थिक अवस्था कमजोर भएका कारण अभियुक्तलाई पक्राउ गर्न नसकेको आरोप लगाउनुभयो।

# कोशीमा उद्धव थापा मुख्यमन्त्री नियुक्त

विराटनगरः कोशी प्रदेशको नयाँ मुख्यमन्त्रीमा नेपाली कांग्रेसका उद्धव थापा नियुक्त भएका छन्। सभामुखको हस्ताक्षर प्रयोग गरी सरकार गठन गरेको कारण २२ दिनमै मुख्यमन्त्रीबाट बर्खास्त भएका थापालाई प्रदेश प्रमुख परशुराम खापुङले मंगलबार दोस्रो पटक मुख्यमन्त्री नियुक्त गरेका हुन्। यसअघि थापाले संविधानको १६८ को उपधारा २ अनुसार कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको समर्थनमा मुख्यमन्त्री दाबी गरेका थिए।

थापालाई मुख्यमन्त्री बनाउन कांग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका ४ र जसपाका १ सांसदले समर्थन गरेका छन्। यसअघि सभामुख बाबुराम गौतमले छुट्टै हस्ताक्षर गरेर थापाले मुख्यमन्त्रीको दाबी पेश गरेकोमा अहिले गौतमले सभामुखबाट राजीनामा दिइसकेकोले उनी माओवादी संसदीय दलका सदस्य कायम रहेकोले गठबन्धनसँग बहुमत अर्थात् ४७ सांसद छन्। गठबन्धनको सरकार बनाउन सभामुख गौतमले आजै पदबाट राजीनामा दिएका थिए। स्रोतः सेतोपाटी।

# शान्ति सुरक्षा कायम गर्छुः प्रहरी प्रमुख रिजाल

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुखको जिम्मेवारी पाउनुभएका प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालले मकवानपुरमा शान्ति, सुरक्षा कायम गर्ने आफ्नो दायित्व भएको बताउनुभएको छ। आइतबार जिल्लामा हाजिर हुनुभएका एसपी रिजालले मंगलबार पत्रकारसँग कुरा गर्नुहुँदै सरोकारवाला निकाय र विभिन्न संघ, संस्थाहरुको समन्वयमा कानुनको पालना गर्दै आफुले जिल्लाभित्र हुने अपराध न्युनीकरण गरी अपराधमुक्त बनाउने बताउनुभयो।

पछिल्लो पटक लागुऔषध अफिम र गाँजा खेती बढ्न थालेको र ओसार पसार बढेको विषयमा सञ्चारकर्मीले प्रहरी प्रमुखको ध्यानाकर्षण गराएका छन्। प्रहरी प्रमुख रिजालले अफिम र गाँजा खेतीलाई नष्ट गरिने बताउनुभयो। उहाँले लागुऔषध ओसारपसार तथा उत्पादनलाई नियन्त्रण गर्न आफ्नो टिम लाग्ने बताउनुभयो। उहाँले अफिम गाँजा खेतीलाई विकल्प दिने गरी सुझाउने बताउनुभयो।

प्रहरी प्रमुख रिजालले मकवानपुरमा पछिल्लो पटक आत्महत्याका घटना बढेको बताउनुहुँदै सरोकार निकायसँग समन्वय गरेर यसलाई न्यूनीकरण गर्न लागीपर्ने बताउनुभयो। यस्तै जिल्लाभित्र हुने ट्राफिक व्यवस्थापनलाई सुधार गर्दै कडाई गरिने उहाँले बताउनुभयो। आफुले जिल्ला प्रहरी परिसर काठमाडौंमा प्रहरी प्रवक्ताको जिम्मेवारी सम्हाल्दा पत्रकारलाई चाहिने आवश्यक सुचनाको बारेमा आफु जानकार रहेकाले पत्रकारलाई चाहिने सुचना उपलब्ध गराउने उहाँले बताउनुभयो।

# लागुऔषधसहित ४ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषधसहित चार जनालाई पक्राउ गरेको छ। सोमबार हेटौंडाका विभिन्न स्थानबाट चार जनालाई लागुऔषधसहित पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

हेटौँडा-१४, नयाँबस्तीस्थित गैरीटोलबाट लागुऔषध ओनरेक्ससहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा हेटौँडा-११, थानाभऱ्याङका मोटरसाइकल चालक २४ वर्षीय अरबिन बर्णवाल र हेटौँडा-१, चाईनाक्वाटरका ३५ वर्षीय बिनोद प्रजा रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार साँझ ५ बजेर १५ मिनेटको समयमा वीरगञ्जबाट मयुरधाप आउँदै गरेको ना ३७ प १२४७ नम्बरको मोटरसाइकललाई प्रहरीले सुरक्षाजाँच गर्दा उनीहरुको साथबाट लागुऔषध ओनरेक्स ११ बोतल फेला पारेको थियो।

यस्तै, हेटौँडा-१०, बसपार्कबाट लागुऔषधसहित २ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-१ का १८ वर्षीय सुनिल साह र वीरगञ्ज महानगरपालिका-२ छपकैयाका २० वर्षीय मोहमद ईमरान मन्सुर रहेका छन्। सोमबार वीरगञ्जबाट नारायणगढ जाँदै गरेको ना ६ ख ८९३७ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसमा सवार साह र मन्सुरको साथबाट प्रहरीले लागुऔषध फेला पारेको हो। उनीहरुको साथबाट लागुऔषध डाईजेपाम १ सय ९९, फिनारगन १ सय ९५ र नुरफिन १ सय ९० एम्पुल बरामद गरेको प्रहरीले जनाएको छ। लागुऔषधसहित चारै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# आत्मदाह गर्ने घोषणा गरेका बाबुछोरा अनसनस्थलमा भेटिएनन्



तामाङ बाबुछोरा अनसन बसेको स्थान। जहाँ उनीहरु मंगलबार भेटिएनन्।

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामालाई सडक विस्तारको कार्य रोकिए सामूहिक आत्मदाह गर्ने चेतावनी दिएका बाबुछोरा मंगलबार अनसनस्थलबाट हराएका छन्। साउन १६ गतेदेखि सडक विस्तारको कार्य सुरु नभए आमरण अनसन बस्ने र कुनै पनि बेला सामूहिक आत्मदाह गर्ने चेतावनीसहितको ज्ञापनपत्र सोमबार नगर प्रमुख मीना कुमारी लामालाई बुझाएका हेटौँडा-८, कमानेका ७३ वर्षीय मानबहादुर तामाङ र ३४ वर्षीय राजीव तामाङ अनसनस्थलबाट हराएका हुन्।

तामाङ बाबुछोरा साउन १६ गते मंगलबार डिभिजन सडक कार्यालय अगाडि अनसनस्थलमा भेटिएनन्। तामाङ बाबुछोरा सडक विस्तारको माग राख्दै साउन १ गतेदेखि डिभिजन सडक कार्यालय हेटौँडा अगाडि अनसन बसेका थिए। अनसन बसेको १५ औं दिनमा सोमबार हेटौँडा उपमहानगर प्रमुख मीना कुमारी लामालाई ज्ञापनपत्र बुझाउँदै सडक विस्तार नभए सामूहिक आत्मदाह गर्ने ज्ञापनपत्र बुझाएका थिए। यता आत्मदाह गर्ने चेतावनीसहितको ज्ञापनपत्र बुझेको भन्दै नगर प्रमुख मीना कुमारी लामाको तीव्र आलोचना भइरहेको छ।

डिभिजन सडक कार्यालयले असार १० गते सूचना प्रकाशित गरी पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेदेखि हेटौँडा-१०, राप्तीपुलसम्म सडकको दायाँ-बायाँ २५-२५ गज क्षेत्रमा सडक विस्तार गर्नुपर्ने भएकोले घर-टहरा हटाउन ३५ दिने सूचना जारी गरेको थियो। डिभिजन सडक कार्यालयका अधिकारीकाअनुसार उच्च र सर्वोच्च अदालतमा दायर भएको रिट निवेदनमाथिको छलफलमा मंगलबार अदालतबाट हुने आदेशअनुसार सडक विस्तारको कार्य अगाडि बढ्ने बताउँछन्।

# ३ लाख २० हजार बराबरको अवैध सामान बरामद

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले ३ लाख २० हजार रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ। सोमबार राती १० बजेर ३० मिनेटको समयमा सर्लाहीबाट काठमाडौं जाँदै गरेको ना ६ ख १२३३ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसबाट २० हजार ४ सय रुपैयाँ बराबरको चिनी ६ बोरा चिनी, ३ लाख रुपैयाँ बराबरको साडी ५ बोरा बरामद भएको र पुरानो कपी बिल रहेको प्रहरीले जनाएको छ। अवैध सामान अनुसन्धानका लागि राखी बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जनाएको छ।









## सम्पादकीय

# सडकको विषयमा द्वन्द्व ननिम्त्याऔं

हेटौंडा बजार क्षेत्रमा रहेको राजमार्ग (मुख्य सडक) विस्तारको विवाद दशकौंदेखि चलिरहेको छ । संघीय सरकारको मातहतमा रहेको राष्ट्रिय राजमार्ग विस्तारमा अनावश्यक अलमल भइरहँदा हेटौंडा बजार क्षेत्रको भौतिक विकासमा नकारात्मक प्रभाव परिरहेको छ । विगतमा राजनीतिक दलका स्थानीय नेतृत्वकै कारण सडक विस्तारमा अवरोध पुगेको भनिरहँदा अहिले स्थानीय नेतृत्व सडक विस्तारको मुद्दामा स्पष्ट खुल्न सकेका छैनन् । तथापि सडक विस्तारमा सघाउने निर्णय नै गरेको हेटौंडा उपमहानगरपालिकाको नेतृत्वका क्रियाकलाप भने विवादित बनिरहेका छन् । विगतमा राजनीतिक नेतृत्व सडक सीमाभित्रका घरजग्गा धनी तथा व्यवसायीको पक्षमा रहेका कारण हेटौंडा बजार क्षेत्रको सडक विस्तार हुन नसकेको आरोप लाग्ने गरेकोमा वर्तमान उपमहानगरपालिका नेतृत्व भने एक कदम अघि सरेर सडक विस्तारमा सघाउने निर्णय गरेको छ । त्यतिमात्र नभई उपमहानगरपालिकाको मेयर सडक विस्तारको पक्षमा बढी नै अग्रसर बनिरहँदा उनको भूमिकाप्रति प्रश्न उठ्न थालेको छ । यसले अनावश्यक द्वन्द्व बढाउने खतरा पनि देखिएको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडाको रातेमाटेदेखि राप्तीपुलसम्मको सडकखण्डमा सडकको मध्यभागबाट दायाँ-बायाँ २५-२५ गजभित्रका संरचना हटाउन सडक डिभिजन कार्यालय हेटौंडाले ३५ दिने सूचना जारी गरेको छ । सडक डिभिजनको सूचनाको म्याद सोमबार सकिएको छ । मंगलबारदेखि जुनसुकै समयमा जहाँसुकैबाट सडक सीमाभित्रका संरचना भत्काउन थालिने बताउँदै आएको सडक डिभिजनलाई सर्वोच्च अदालतमा परेका मुद्दाहरुले रोकेको छ । सर्वोच्चमा थुप्रै मुद्दा परेको र मुद्दाको किनारा नलागेसम्म सडक सीमाभित्रका संरचना हटाउन सुरु नहुने निश्चितजस्तै छ । अदालतको आदेश कस्तो आउँछ र सडक डिभिजनले के गर्छ भन्ने चासो र चिन्ता थपिएको छ । राजमार्ग विस्तार संघीय सरकारको जिम्मेवारीको विषय भए पनि हेटौंडा उपमहानगर प्रमुखको कार्यशैलीले चर्चा पाइरहेको छ । राजमार्ग विस्तारको विषयमा हेटौंडा उपमहानगरपालिका सरोकारवाला एक पक्षमात्रै हो । सडक विस्तार आवश्यक छ या छैन भन्ने आधारमा उपमहानगरपालिकाले आफ्नो भूमिका सहयोगीको रुपमा सिमित राख्नुपर्छ । सडक विस्तार आवश्यक हो भने यस कार्यमा संघीय सरकारलाई आवश्यक सहयोग गर्ने र पीडित हुने नगरबासीका समस्या समाधानमा उत्तिकै अग्रसर हुनु आवश्यक छ । तर, नगरप्रमुख म तयार छु, अब सडक विस्तार गर्नुपर्छ, घरहरु भत्कनुपर्छ भनेर तम्सनु पीडित नगरबासीप्रति अन्याय हुन्छ ।

उपमहानगरपालिकाकी मेयरले मात्रै चाहेर राजमार्ग विस्तार हुँदैन । २०७३ पुसमा हेटौंडा बजार क्षेत्रको राजमार्ग सीमाभित्रका घरटहरा भत्काउन सुरु गरेपछि त्यसको व्यापक विरोध भएको थियो । त्यसबेला राप्तीरोड क्षेत्रका अधिकांश घरधनीहरुले घरको झ्याल ढोका निकालेर व्यवसायीले पसल खाली गराइसकेको अवस्थामा सर्वोच्च अदालतको आदेशले काम रोकिएको थियो । त्यसबेलाको मुद्दालाई अदालतले फैसला गरेको भए पनि हेटौंडा बजार क्षेत्रको घर टहरा हटाउन अझै थुप्रै कानुनी अड्चन बाँकी छन् । सडक सीमा २५ मिटर कि २५ गज भन्ने नयाँ विवाद सुरु भएको छ । वर्षौंदेखि सरकारलाई मालपोत बुझाइरहेको र नगरपालिकाबाट नक्सापास गराएर बनाइएका र एकीकृत सम्पत्ति कर बुझाइरहेकाहरुको घर सजिलै भत्काउन पक्कै मिल्दैन ।

हेटौंडा बजार क्षेत्रमा पर्ने राजमार्ग सीमाभित्रका घरटहरा खाली गरेर सडक चौडा पार्ने चर्चा धेरै वर्षदेखि चलिरहेको छ । सडक डिभिजनले पनि सडक सीमा खाली गराउने सन्दर्भमा कानुनी र नीतिगत जटिलता सुल्झाउने भन्दा अतिक्रमण हटाउने सूचना प्रकाशित गरेर औपचारिकतामात्रै पूरा गर्दै आएको छ । हेटौंडालाई मानवबस्ती घोषणा गरेर बजार क्षेत्रका घरटहरा नभत्काई राजमार्गलाई नै बाइपास गरी अन्यत्रबाट लैजानुपर्ने भन्दै सडक विस्तारको कार्यलाई अल्मल्याउने काम भइरहनु हुँदैन । अन्यत्र सडक सीमाभित्रका संरचना हटाइएकाले हेटौंडा बजार क्षेत्रमा मात्र नहटाउने भन्ने पक्कै नहोला । संघीय सरकारले नै उचित कानुनी र नीतिगत व्यवस्था गरेर यस समस्याको चाँडै अन्त्य गर्नु आवश्यक छ । अन्यथा, सडक सीमाभित्रका घरटहरा भत्काउने र नभत्काउने विवादले द्वन्द्वको रुप लिने खतरा बढ्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : प्रशासनिक समस्या उत्पन्न हुने समय योग छ ।
**वृष** : कला र कमेडीमा झुकाव बढ्ने समय छ ।
**मिथुन** : मानसिक रुपमा सबल र सक्षम भइने छ ।
**कर्कट** : यात्रा र विलासितामा समय व्यतित होला ।
**सिंह** : आश्वासन र लोभमा नभुल्दा राम्रो रहन्छ ।
**कन्या** : धार्मिक र सामाजिक काममा मन जाला ।
**तुला** : बौद्धिक क्षमताको सदुपयोग नहुने योग छ ।
**वृश्चिक** : प्राज्ञिक क्षेत्रको रमाइलो यात्रा योग होला ।
**धनु** : व्यापार–व्यवसायको काममा दौडधूप होला ।
**मकर** : घरायसी समस्याले मानसिक तनाब ।
**कुम्भ** : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् ।
**मीन** : हाँके–ताकेका कामहरु पूर्ण हुने समयको योग छ ।

# शत्रुजीव व्यवस्थापन र जैविक खेती

सरस्वती दुङ्गाना

विषादीहरूको प्रयोग नगरी परम्परागत प्रणालीलाई निरन्तरता दिएर रोगका कीरा पनि नियन्त्रण गर्न सकिन्छ । हामीले विषादीलाई प्रयोग नगरी कृषि उत्पादकत्वलाई वृद्धि गर्न सक्छौं । त्यसका लागि कृषकवर्गले खेती लगाउँदा विशेष ध्यान दिनु आवश्यक छ ।

बाली लगाउनुपूर्व खेतबारीको राम्रोसँग खनजोत गर्ने, कम्पोष्ट मल राख्ने, माटो पाक्न दिने, झारपात उखेल्ने, समयमा गोडमेल एवम् सिँचाइ गर्ने गर्दा माटोको ऊर्वराशक्ति स्थिर रहन्छ । सधैं एकनासको बाली नलगाएर, कहिले कोसेबाली, कहिले लहरा बढी हुने, कहिले जरा बढी हुने बिरुवा लगाएर पनि कीरा नियन्त्रण गर्न सकिन्छ । बिरुवामा कुनै रोग देखिए कृषक सबैभन्दा पहिले विषादीको प्रयोग गर्छन् । त्यसको सट्टा उनीहरू अन्य विकल्पको खोजी गर्दैनन् ।

यो ज्यादै नराम्रो प्रवृत्ति हो । परम्परागत रुपमा पहिल्यैदेखि नै विभिन्न बालीबीचमा अन्य बालीलाई पनि सँगसँगै लगाउने गरिएको पाइन्छ । कुनै बालीका बीचमा लगाइने बालीलाई नै घुसुवा बाली भनिन्छ । यसरी कुनै पनि बालीमा अन्य बाली घुसाएर लगाउँदा रोग कम लाग्ने वा नियन्त्रण हुने गर्छ । मकै खेतीभित्र बोडी, भटमास वा अन्य तथा गहुँभित्र तोरी, केराउ आदि घुसुवा बाली लगाउने गरिन्छ ।

यसरी यी दुवै बाली सँगै लगाउँदा मकैमा लाग्ने गबारो र बोडीमा लाग्ने थ्रिप्स रोग पनि कम भएको पाइन्छ । अर्कातिर कोसेबालीको नाइट्रोजनले बिरुवाको वृद्धिमा फाइदा पुग्छ । माटो बाँझिन दिँदैन । खुकुलो र उर्वरसमेत पारिदिन्छ । हाम्रो वरपर पाइने वा सित्तैंमा खेर गएका विभिन्न प्रकारका वनस्पतिलाई हामी प्रयोग गरेर कम मूल्यमै हामीले विभिन्न कीरा नियन्त्रण गर्न सक्छौं ।

हाम्रो वरपर पाइने बकाइनो, चुत्रो, निमका पातहरू, टिमुर, बोझो, तोरीको तेल, सुर्तीको पात, तितेपाती वा विभिन्न वनस्पतिका बोक्रालाई कुटेर विभिन्न कीराहरू नियन्त्रण गर्न सकिन्छ । त्यस्तै गाईको एकभाग गहुँतलाई दुई भाग पानी मिसाएर बिरुवामा हाल्नाले विभिन्न रोगका कीरा नियन्त्रण गर्न सकिन्छ ।

त्यसैगरी, आलु लगाएको ठाउँमा लसुन लगाएमा आलुमा लाग्ने पतेरो कीरा नियन्त्रण गर्न सकिन्छ ।

त्यस्तै बकुल्ला, साग, काउली, तोरी, सिमीलगायतका धेरै बालीलाई लाही कीराले दुःख दिन्छ । नोक्सान पुऱ्याउँछ । तर यसलाई पनि प्राकृतिक तरिकाले नियन्त्रण गर्न सकिन्छ । तीतेपातीको झोलद्वारा लाही कीराको नियन्त्रण गर्न सकिन्छ ।

लाही कीरा नियन्त्रणका लागि लेडी बड विटल कीराको महत्वपूर्ण भूमिका रहेको छ । यसले लाहीलाई खाइदिन्छ र नियन्त्रण गरिदिन्छ । त्यस्तै काउली र बन्दासँगै गोलभेँडा लगाएमा बन्दामा लाग्ने पुतली नियन्त्रण हुन्छ । कुनै निश्चित बालीमा लाग्ने कीरालाई अर्को बालीको बास्ना मन पर्दैन र तिनीहरु त्यस्तो वातावरणमा आउँदैनन् । जबकि प्याज र गाँजर एवम् सिमी र आलुसँगै लगाएमा एकापसमा लाग्ने कीराहरू नियन्त्रण हुन्छन् ।



त्यस्तै देशभर फैलिएका मिचाहा झारहरू नियन्त्रण र रोकथामका लागि म्याक्सिकन खपटे कीराले सहयोग गरेको तथ्य सार्वजनिक भएको छ । त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक दयाराम भुसाल र बनारस हिन्दू विश्वविद्यालयका भूपेन्द्रकुमारको अध्ययनले म्याक्सिकन खपटे कीराले तीतेपाती झारजस्तै पार्थेनियमलगायतका मिचाहा प्रजातिका झारलाई आहाराका रुपमा रुचाउने गरेको निचोड उनीहरूको अनुसन्धानमा पाइन्छ ।

म्याक्सिकन खपटे कीरा ज्यादै खन्चुवा हुने भएका कारण पहाडमा भन्दा तराईमा मिचाहा झारलाई बढी खाएको अनुसन्धानले देखाएको छ । यस्ता खपटे कीरा ३४ देखि ३६ डिग्री सेल्सियस तापक्रम भएको क्षेत्रमा पाइने र तिनीहरूले त्यस क्षेत्रमा पाइने पार्थेनियम, लहरे वनमारा (माइकेनिया) जस्ता मिचाहा झारलाई आहार बनाउने गरेको पाइएको छ ।

शत्रुजीवलाई मार्न प्रयोग गरिने जैविक वस्तु नै जैविक विषादी हुन् । जैविक वस्तुमा विभिन्न उपयोगी जीव, मित्रुजीव एवम् सूक्ष्मजीव तथा वानस्पतिक तत्व पनि पर्छन् । जैविक विषादी वातावरणमैत्री र वातावरणीय पक्षबाट स्वस्थ हुने गर्छ, जसलाई एकीकृत शत्रुजीव व्यवस्थापनको महत्वपूर्ण अंशसमेत मानिन्छ । जैविक विषादीहरू बनाउँदा प्राकृतिक स्रोतहरूको नै प्रयोग गरिन्छ । यसले शत्रुजीवको नियन्त्रण गर्छ । वातावरण र मानवका लागि कुनै पनि खास असर गर्दैन र वातावरणमा रासायनिक विषादीको जस्तो यसको प्रभाव लामो समयसम्म रहँदैन ।

स्थानीय स्रोत र साधनको प्रयोग गरी तयार गर्न सकिने हुँदा यो सस्तो पनि पर्छ । यसरी वनस्पतिहरूको प्रयोगबाट कीराहरूको नियन्त्रण गर्ने यो परम्परा ज्यादै प्राचीन परम्परा हो । तर, हाल आएर विभिन्न औषधि र विषादीको प्रयोगपश्चात् नै यो व्यावहारिक प्रणाली पछाडि परेको हो । त्यसैले अब हामीले विषादीरहित खेतीतर्फ उन्मुख भएर एकीकृत शत्रुजीव व्यवस्थापन प्रणालीलाई निरन्तरता दिएर विभिन्न रोगका कीराहरू नियन्त्रण गर्न सक्छौं ।

कृषि पशुपालन र वातावरणीय सुधारमा इएम अर्थात् इफेक्टिभ माइक्रोअर्गानिज्म वा प्रभावकारी सूक्ष्म जीवाणुको पनि प्रयोग गर्न सकिन्छ । इएमको प्रयोग कृषि, पशुपालन, वातावरण प्रदूषण नियन्त्रण र व्यवस्थापन क्षेत्रमा हुँदै आएको छ । यसको प्रयोगले माटोका उर्वराशक्ति बढाउँछ । वरपरको वातावरण स्वच्छ राख्न र विभिन्न कीरा नियन्त्रण गर्न सकिने भएकाले यो ज्यादै प्रभावकारी मानिन्छ ।

एकीकृत शत्रुजीव व्यवस्थापन भनेको बिरुवाका शत्रुहरू (रोग कीरा झारपात चरा मुसा आदि) लाई आर्थिक न्यायोचित एवम् पर्यावरणीय दृष्टिकोणले दिगो रूपमा संरक्षण गर्ने एक विधि हो । स्वस्थ बाली उत्पादन, खेतबारीको नियमित अवलोकन, मित्रजीवहरूको संरक्षण र कृषकलाई स्वयम् दक्ष बनाउनु नै यसका मुख्य सिद्धान्तहरू हुन् । यसमा एकभन्दा बढी व्यवस्थापनका विधिहरूको एकीकृत रूपमा प्रयोग गरिन्छ । यसमा सिकारी र पर जीवी कीराहरूको बढावा गरी हानिकारक रोग कीराहरूको रोकथाम गरिन्छ ।

यो विधिमा लेडिज बर्ड विटल, प्रणामी कीरा, कुमलकोठीजस्ता उपयोगी जीवहरूको ठूलो भूमिका हुन्छ र रासायनिक विषादीहरूको आवश्यकता पर्दैन । मिश्रित खेती गरेर, खेतबारीमा सरसफाइ गरेर, राम्ररी पाकेको गोबर मल प्रयोग गरेर, कीरा कम लाग्ने जातको बाली लगाएर पनि शत्रुजीव व्यवस्थापन गर्न सकिन्छ । यसअन्तर्गत मित्रजीवहरूको संरक्षणमा बढी जोड दिनुपर्छ ।

त्यस्तै जालीले पक्रेर वा टाँसिने पदार्थ राखेर, खेतीवरपर नाइलनको नेट प्रयोग गरेर पनि शत्रुजीवलाई व्यवस्थापन गर्न सकिन्छ । मोहनी पासोहरू हेली ल्युर, स्पोडो ल्युर, न्युसिन ल्युर आदि प्रयोग गरेर तथा नीम, बोझो, तितेपाती, टिम्मुर, ज्वानो आदि वनस्पति वा जडीबुटी प्रयोग गरेर पनि शत्रु.जीव व्यवस्थापन गर्न सकिन्छ । त्यस्तै सूक्ष्म जीवाणुहरूबाट पनि त्यस्ता कीरा रोकथाम गर्न सकिन्छ । त्यस्तै, केही मात्रामा ढुसीजन्य ब्याक्टेरिया, भाइरस तथा निमाटोडजन्य जैविक विषादीको प्रयोग गर्न पनि सकिन्छ ।

कुनै पनि हानिकारक कीरालाई न्यून गर्न कुनै पनि सूक्ष्म जीवित ब्याक्टेरिया, ढुसी, भाइरस तथा नेमाटोडजस्ता उपयोगी जीवहरूद्वारा तयार पारिएको पदार्थलाई जैविक विषादी भनिन्छ । जैविक विषादीले शत्रुजीवलाई पूर्ण रूपले नमार्ने हुँदा शत्रुजीवको संख्यामा वृद्धि हुन दिँदैन र नियन्त्रण गर्छ । तसर्थ पर्यावरण चक्रमा खलल पनि पुऱ्याउँदैन ।

नेपालमा आइपिएम अर्थात् एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम विक्रम संवत् २०५३ मा सुरु भएको हो । यसअन्तर्गत आइपिएम प्रविधिको विस्तार, फेरोमेन, माटो सौर्यकरण, प्लास्टिक छाप्रो जैविक विषादी प्रयोग, परीक्षण, प्रमाणीकरण गरिएको थियो । आइपिएम आइएल कार्यक्रमले आइपिएम पद्धतिलाई प्याकेजका रूपमा सञ्चालनमा ल्याएको हो ।

हालसम्म गोलभेंडा, काउली, काँक्रा, करेला, धान आदिमा आइपिएम प्याकेज ल्याइएको छ, जुन कार्यक्रम देशका ललितपुर, कास्की, पाल्पा, काभ्रे, रुपन्देही, बाँके, सुर्खेत लगायतका जिल्लामा लागू भएको छ । बढ्दो जनसंख्याका लागि खाद्य आपूर्ति गर्न बढी उत्पादनको आवश्यकताअनुसार कृषिमा हरितक्रान्ति भएको थियो । बढी उत्पादनशील नयाँ जातको विकाससँगै सिँचाइ मलखाद विषादी तथा विभिन्न प्रविधि प्रयोगको विकास सँगसँगै गरियो ।

यसै सन्दर्भमा रोग कीरा नियन्त्रणका लागि अन्धाधुन्ध अनियन्त्रित विषादीको प्रयोगबाट विभिन्न समस्या जन्मन पुग्यो । त्यसैले सन् १९८९ मा धानबालीमा फड्के कीराको प्रकोपबाट भएको क्षतिलाई मध्यनजर गर्दै इन्डोनेसियामा कृषकलाई एकीकृत शत्रुजीव व्यवस्थापन प्रविधि सिकाउन आइपिएम कृषक पाठशालाको सुरुवात भएको थियो । यसको प्रभाव राम्रो देखिएकाले अन्तर्राष्ट्रिय संस्था एफएओमार्फत एसियाका अन्य देशमा विस्तार गर्दै लगियो ।

नेपालमा पनि चितवनमा विक्रम संवत् २०५३ को चैते धानमा खैरो फड्के कीराको व्यापक प्रकोप देखिएकाले त्यसको नियन्त्रण गर्न कृषक पाठशाला सञ्चालन गरिएको थियो । एफएओको विश्लेषणलाई अवलम्बन गरी दिइएको प्रतिवेदन र अन्य एसियाली मुलुकमा कृषक पाठशालाको प्रभावकारिता राम्रो रहेकाले त्यसलाई अझ व्यापक मात्रामा प्रयोग गर्न थालियो । २०५४ सालदेखि एफएओको आर्थिक एवम् प्राविधिक सहयोगमा नेपालमा कृषि विभाग, बाली संरक्षण निर्देशनालयको अगुवाइमा धान बालीमा कृषक पाठशालाको सुरुवात गरियो ।

तर दिनप्रतिदिन रासायनिक एवम् विषादीहरूको व्यापक प्रयोग हुन थालेको छ । लामो समयसम्म विषादीको प्रयोग गर्दा माटोको ऊर्वराशक्ति ह्रास हुँदै जान्छ भने त्यसबाट थुप्रै असर देखा पर्छन् । खाद्यान्नको अभाव हटाउन रासायनिक मल वा कीटनाशक विषादीको प्रयोगले उत्पादनमा वृद्धि भए तापनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हाम्रो वरपरको वातावरण, जमिन, जीवजन्तु र स्वास्थ्यलाई समेत असर पुऱ्याउँछ । शत्रुजीव वा रोग व्यवस्थापन गर्न विषादी प्रयोगको कुनै विकल्प नखोज्दा आमउपभोक्ताको स्वास्थ्य र जमिनको उत्पादकत्वमा प्रतिकूल असर परिरहेको छ ।

त्यसो त अन्तर्राष्ट्रिय रुपमा रासायनिक विषादीविरुद्ध अभियान सञ्चालन हुँदै आएको छ । विश्वमा रासायनिक विषादीविरुद्ध अभियान सञ्चालन गर्दै आएको संस्था पानको प्रतिवेदनअनुसार विश्वमा हरेक वर्ष ४ करोड मानिसमा विषादीले असर गरेको देखिन्छ । विश्वमा विषादीकै कारण हरेक वर्ष ३ लाख ५५ हजार मानिसको मृत्यु हुने गरेको छ, जसमा सबैभन्दा बढी बालबालिका र महिला छन् ।

प्रतिवेदनमा उल्लेख भएअनुसार प्रतिदिन ७ सय व्यक्तिको विषादीयुक्त खानाका कारण मृत्यु भएको देखिन्छ । यसरी भयावह रूपमा संकटका रूपमा छाएको र सर्वत्र चासो बनेको विषादीको प्रयोगमा न्यूनीकरण गरी कृषिलाई व्यवस्थित गर्नु नै आजको आवश्यकता हो ।

*(स्रोतः कारोबारदैनिक)*

# निर्वाचन आयोगले देखाएको बदनियत



जगन्नाथ लामिछाने

निर्वाचन आयोगले संघीय तथा प्रदेश सभाको लागि चुनाव लडेका झन्डै २५०० जना उम्मेद्वारलाई निर्वाचन खर्च सार्वजनिक नगरेको भनेर साउनको दोस्रो हप्ता प्रति उम्मेद्वार रु.१५ हजार जरिवाना सहित सूची प्रकाशित गर्यो। यो जरिवानाको सूचना निर्वाचन भएको मितिको ७ महिनापछि हो ।

चुनाव सम्पन्न भएको ५ महिनापछि गत वैशाखमा निर्वाचन आयोगले ७ दिने सूचना निकालेर आयोगमा निर्वाचन खर्च विवरण बुझाएका उम्मेद्वारहरुलाई आफ्नो खर्च विवरण सार्वजनिक गरेर आयोगमा पुनः जानकारी दिन निर्देशन गरेको रहेछ ।

आयोगको यो सूचना म लगायत २५०० भन्दा बढी उम्मेद्वारले पत्तै पाएनौं। जसको परिणाम स्वरुप निर्वाचन आयोगले हामी संघ र प्रदेशको झन्डै २५०० उम्मेद्वारलाई प्रति उम्मेद्वार १५ हजार रुपैयाँ दण्डित गर्दै साउनमा सूचना निकालेको जानकारी पाइयो ।

यो दण्डको सूचना पत्र-पत्रिकामा देखेपछि अरु उम्मेद्वार जस्तै म पनि झसंग भएँ । म लगायत जतिले निर्वाचन आयोगमा खर्च विवरण समयमा बुझाएनौं, सायद कसैको पनि नियत निर्वाचन आयोगलाई अटेर गरौं भन्ने होइन तर पाँच महिनापछि निर्वाचन आयोगले ७ दिने सूचना निकालेर खर्च विवरण सार्वजनिक गर्नु भन्नु आफैंमा आयोगको छलकपट तथा बदनियतपूर्ण निर्देशन थियो ।

आयोगको छलकपटपूर्ण तथा स्वेच्छाचारी निर्णयलाई सदर गर्ने गरी नेपाली कांग्रेसका महामन्त्री लगायत केही नेताहरुले जरिवाना तिरेको देखेपछि म छक्क परिरहेको छु तर पनि राष्ट्रिय स्वतन्त्र पार्टीका केही नेताहरुले आयोगको निर्णयलाई चुनौती दिँदै अदालत पुगे र अदालतले पनि अन्तरिम आदेश दिँदै निर्वाचन आयोगको निर्णय केही समयको लागि रोकेपछि यो

...बाँकी पृष्ठ ३ मा

# म्यानेजमेन्टले केही न केही नयाँ विषय दिन्छ

एसईईको नतीजा सार्वजनिक भएको एक महिनाको बीचमा कक्षा ११ को पठनपाठन सुरु भइसकेको छ । एसईईको नतीजामा आम अभिभावकको जति चासो रहन्छ त्यसको तुलना कक्षा ११ मा भर्ना हुने आफ्ना बाबुनानीलाई उचित वातावरण निर्माणमा आम अभिभावकको ध्यान पुग्न सकिरहेको हुँदैन । यस्तो सन्दर्भमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुले अधिकतम् विद्यार्थी भर्ना गरी पठनपाठन सुरु गरिसकेको सन्दर्भमा हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टका सहायक प्रिन्सीपल रामपण्डित खनालसँग समृद्ध समाज दैनिकका लागि सुप्रभा शर्माले गर्नुभएको कुराकानी:



रामपण्डित खनाल, सहायक प्रिन्सीपल
हेटौँडा स्कूल अफ म्यानेजमेन्ट

*समाजः हेटौँडा स्कूल अफ म्यानेजमेन्टमा यो वर्ष कक्षा ११ को भर्नाको अवस्था कस्तो छ ?*
**खनाल**: यसपालि भर्ना प्रक्रिया सोचेजस्तै किसिमले अगाडि बढिरहेको छ । गत वर्ष भदौ १ गतेदेखि कक्षा ११ को पठनपाठन सुरु भएको भए पनि यस वर्ष साउन १५ गतेबाट कक्षा सञ्चालन सुरु गरिएको छ । कोभिडपछाडि विद्यार्थीका अभिभावकमा भर्नाको गति कम भएको छ । भर्ना विस्तारै भइरहेकाले कोटा पूरा हुन लागेको छ ।

*समाजः क्याम्पसमा कति विद्यार्थी भर्ना गर्ने क्षमता छ ?*
**खनाल**: क्याम्पसमा १६ वटा सेक्सन म्यानेजमेन्टतर्फ छ भने ९ ओटा विज्ञान सकायतर्फ रहेको छ ।

*समाजः अहिले कति विद्यार्थी उपस्थित भएका छन् ?*
**खनाल**: अहिलेसम्म ११ सय विद्यार्थी भर्ना भएकोमा ९ सय ८० जना विद्यार्थी उपस्थित देखेको छु । तराईका केही विद्यार्थी आउन बाँकी छ । अनि केही विद्यार्थी ड्रेस (पोशाक) को कारणले पनि आउन सकेका छैनन् ।

*समाजः विद्यार्थीहरुको पहिलो दिनमा तपाईंहरुले क्याम्पसको तर्फबाट कसरी स्वागत गर्नुभयो ?*
**खनाल**: स्वागत कार्यक्रम गर्‍यौं । त्यसमा क्याम्पसको नियमको कुरा भयो । क्याम्पस चिफबाट विद्यार्थीलाई प्रेरणा दिइयो । क्याम्पसको पहिलो दिन भएकाले नियमको कुरा सम्झाएर विदाई गर्‍यौं ।

*समाजः यो वर्ष क्याम्पसमा नयाँ के थपिएको छ ?*
**खनाल**: यस वर्षचाहिँ क्याम्पसमा समयसापेक्षरुपमा समाजमा कुनचाहिँ विषय आवश्यक पर्छ ती विषयको अध्यापन सुरु गर्ने तयारी गरिएको छ । एक्काइसौं शताब्दीमा के माग भइरहेको छ भन्ने कुरालाई विचार गर्दा विद्यार्थीहरुलाई शिक्षामात्र होइन कि, सीपमूलक शिक्षा आवश्यक पर्दछ । सीपमूलक शिक्षाले भविष्य सुनिश्चित गर्ने भएका कारणले यसपालि म्यानेजमेन्टले ब्यूटीसियन विषय ल्याएको हो ।

*समाजः यसका लागि के-के गर्नुपर्‍यो ? नयाँ योजना के कति समय खाली राखेर ल्याएको हो ?*
**खनाल**: यो विषयका हामीले निवेदन गर्‍यौं । यो विषय खासै धेरै ठाउँमा पढाई हुँदैन । दुई तीन ठाउँमा भएको भनेर सुनेको छु । उपत्यका बाहिरचाहिँ हामीले सञ्चालन गरेका छौं । यसमा हामीले पछिसम्मका लागि निर्णय गरिसकेका छौं । यस विषयमा अहिले १२ जना विद्यार्थी भर्ना भएका छन् । आज (मंगलबार) बिहानबाट कक्षा सञ्चालन भएको छ । अभ्यास गर्नका लागि हामी छलफल गरिरहेका छौं । म्यानेजमेन्ट क्याम्पसले केही न केही नयाँ विषय दिन्छ । क्याम्पसले बीचमा खर्च कति हुन्छ भन्दा पनि नयाँ विषय थप गर्ने क्रममा यो विषय आएको हो । अहिले एचएम (होटेल म्यानेजमेन्ट) मा विद्यार्थी बढेको छ । यो व्यूटीसियन विषय पनि एचएमजस्तै हुन्छ कि ।

*समाजः म्यानेजमेन्टबाट कक्षा ११/१२ पढेर सकेपछि विदेश जाने क्रम कस्तो छ ?*
**खनाल**: यो क्रमचाहिँ तीव्र भएको देखिन्छ । यो विषयमा हामीले सर्वेक्षण भने गरेका छैनौं । तर विद्यार्थीसँग भेटघाट र सम्पर्क हुँदा सर, हामीले विदेश जाने प्रयास गरिरहेको छौं भनेर विद्यार्थीले भन्ने गरेका छन् । अहिले भने विद्यार्थीहरुले एचएम र कम्प्युटरजस्ता सीपमूलक विषय पढ्ने गरेको पाइएको छ ।

*समाजः विद्यार्थीहरुलाई विदेश जानबाट रोक्न, यहाँ नै बसेर केही गर्न सकिन्छ भनेर तपाईंहरुले के-के गर्दै हुनुहुन्छ ?*
**खनाल**: यो विषयमा क्याम्पसले भन्दा पनि नीति निर्माणमा बसेकाहरुले व्यवस्था बनाउनुपर्ने देखिन्छ । म्यानेजमेन्टजस्तो विद्यार्थीलाई जागिरमात्रै होइन, उनीहरुलाई राज्यले व्यापार गरेर खाने वातावरणका लागि सीपमूलक सीप दिन आवश्यक छ ।

*समाजः क्याम्पसमा विद्यार्थीको शैक्षिक स्थिति कस्तो छ ?*
**खनाल**: क्याम्पसको नतिजाले हामी राष्ट्रियरुपमै अगाडि छौं । हाम्रो उत्पादन कहाँ कहाँ छन्, के गरिरहेका छन् भनेर खोजी पनि गरिरहेका छौं ।

*समाजः तपाईले सबै विद्यार्थीलाई बुझ्न, नियाल्न भ्याउनुभएको छ ?*
**खनाल**: म कार्यालयमा आउँदा सधैं विद्यार्थी-अभिभावकको भिड हुन्छ । मैले अभिभावकलाई भनेको हुन्छु, यदि तपाईंको बच्चालाई केही समस्या छ भने अभिभावक १० बजे अगाडि आएर बस्नुहोस् भनेको हुन्छु । तपाईंको बच्चाले केही भनेको खण्डमा सरले बोलाएकाले आएको हो भन्नुस् भन्ने गरेको पनि छु ।

## *निर्वाचन आयोगले...*

विषयले बहसको रुप लिनुपर्दछ भन्ने मेरो अपेक्षा छ ।

निर्वाचन आयोगमा चुनावी खर्च बुझाइसकेका उम्मेद्वारहरुको हकमा निर्वाचन आयोगले लगाएको जरिवाना गलत छ र यसको प्रतिवाद गर्न जरुरी छ। मैले बुँदागत रुपमा यो निर्णयबाट निर्वाचन आयोगले देखाएको बदनियत र छलकपटपूर्ण कार्यको चर्चा गर्ने प्रयास गरेको छु ।

**१. उम्मेद्वारले खर्च सार्वजनिक गर्ने भनेको के हो ?**

निर्वाचन आयोगले तोकेको नियम प्रक्रिया पूरा गरेर, आयोगलाई तिर्नुपर्ने दस्तुर तिरेर निर्वाचनमा भाग लिएको प्रतिनिधिले चुनावी प्रक्रिया सकिएपछि आफ्नो खर्च विवरण निर्वाचन आयोगको कुनै कार्यालयमा बुझाइसकेपछि र आयोगले खर्च बुझेको प्रमाण उम्मेद्वार वा उम्मेद्वारको प्रतिनिधिलाई दिइसकेपछि त्यसलाई सार्वजनिकीकरण गरेको नमान्नु र नबुझ्नु आयोगले आफैंप्रति पालेको भ्रमको खेती हो ।

कुनै पनि उम्मेद्वारले निर्वाचन र लोकतन्त्रलाई नै बलियो बनाउने काममा समर्पित संवैधानिक आयोगमा आफ्नो खर्च विवरण बुझाएपछि त्यसलाई आयोगले आफ्नो आधिकारिक माध्यमबाट सार्वजनिक गर्न सक्दैन र आफूले प्राप्त गरेको विवरण नै सार्वजनिक हो भन्ने विश्वास बोक्न सक्दैन भने त्यो आयोग लोकतन्त्रको पहरेदार बन्न सक्दैन ।

मलाई खर्च विवरण बुझाउ, तिमीहरुले त्यसलाई सार्वजनिक गरेर हाम्रो कार्यालयमा फेरि प्रमाण पेश गर भन्नु आयोगले कानुनको नाममा पालेको पाखण्डपन हो ।

उम्मेद्वारले बुझाएको खर्च विवरणमा पारदर्शिता खोज्नु, शंका लागेको स्रोतमाथि अनुसन्धान गर्नु, निर्वाचन प्रणाली सुधार गर्नु, निर्वाचनलाई कम खर्चिलो बनाउनु जस्ता कार्यहरु आयोगको जिम्मेवारी र कर्तव्य हो । आफ्नो खर्च विवरण समयमै बुझाएका उम्मेद्वारहरुलाई उल्टो दुःख दिन खोज्नु आयोगको चरित्र भन्दा बाहिरको कुरा हो ।

२. आयोगले चुनाव सकिएको ५ महिनापछि खर्च विवरण सार्वजनिक गर भन्दै निकालेको सूचनाभित्र लुकेको नियत: चुनाव अगाडि वा चुनावलगत्तै निर्वाचन आयोगबाट खर्च विवरण सार्वजनिक गर्ने विषयमा कुनै प्रष्ट निर्देशन नभए पनि म जस्ता धेरै उम्मेद्वारले सोधखोज गर्दै आफ्नो खर्च विवरण निर्वाचन आयोगको कार्यालयमा बुझाएर आफ्नो नियमित काममा फर्कियौं ।

एकपटक उम्मेद्वार बनेको मान्छे सधैंभरि निर्वाचन आयोगको सूचना पछ्याउँदै बस्ने कुरा पनि भएन । अहिले पनि निर्वाचनमा उम्मेद्वार बन्नेहरुको आम बुझाइ खर्च विवरण सार्वजनिक गर्नु भनेको निर्वाचन आयोगसमक्ष आफ्नो विवरण पेश गर्नु भन्ने छ ।

यदि उम्मेद्वारले आफ्नो खर्च विवरण सार्वजनिक गर्नु भनेको आयोगमा खर्च विवरण बुझाउनु मात्र होइन भने निर्वाचन आयोगले यस्तो कुरा निर्वाचनको ५ महिना पछाडि होइन, चुनाव अगाडि नै आफ्नो निर्देशिका मार्फत सबैलाई जानकारी गराउनुपर्दथ्यो ।

उम्मेद्वारले खर्च सार्वजनिक गर्ने कुरालाई निर्वाचन आयोगले बदनियत राखेर पैसा असुल्ने औजार बनाएको छ । होइन भने, आयोगले कुनै पनि उम्मेद्वारलाई यो प्रक्रियाको बारेमा सुसूचित गर्ने काम जिम्मेवारीपूर्वक गरेको देखिंदैन। उदाहरणको लागि, आयोगको असल नियत हुन्थ्यो भने, उसले चुनाव अगाडि वा चुनाव सकिने बित्तिकै सहज ढंगको सार्वजनिक सूचना निकाल्न सक्थ्यो । निर्वाचन माहोलको बेलामा सूचना पनि प्रभावकारी हुन्थ्यो ।

आयोगले हरेक उम्मेद्वारलाई आफ्नो निर्वाचन खर्चको सम्बन्धमा निर्देशिका मार्फत भन्न सक्थ्यो: तिमीहरुले आफ्नो निर्वाचन क्षेत्रमा खर्च सार्वजनिक गर, त्यसको मुचुल्का उठाउ अनि आयोगमा प्रमाण सहित दर्ता गर। एकै पटकमा सहज ढंगले चुनावलगत्तै हुने काम आयोगले नगरिकन आफैंले बुझेको खर्च विवरण सार्वजनिक नमान्ने, आफैंले आफ्नो विद्युतीय संजालमा पारदर्शी ढंगले सबैको खर्च विवरण राख्न नसक्ने अनि चुनाव भएको ५ महिनापछि म्याऊँ गर्दै कानुनी छिद्रबाट पैसा असुल्न खोज्ने निर्वाचन आयोगको प्रवृत्ति गलत छ । कि त आयोगले आफूले प्राप्त गरेका निर्वाचन ख च विवरण आफ्नो प्लेटफर्ममा सबैले हेर्न, देख्न पाउने गरी सार्वजनिक गर्नुपर्छ होइन भने खर्च सार्वजनिक गर्ने कानुनी प्रक्रिया सरल, पारदर्शी र समयसापेक्ष बनाउनुपर्दछ।

३. लोकतन्त्रलाई दरिलो बनाउने आयोग आफैं छाडा र अलोकतान्त्रिक बाटोमा हिंड्ने होइनः निर्वाचन आयोग लोकतान्त्रिक प्रक्रिया र पद्धतिको मेरुदण्ड हो । देशमा लोकतान्त्रिक थिति बसाल्न स्थापित आयोग आफैंले कानुनी छिद्रको कमजोरी खोज्दै चुनावी प्रक्रियामा सहभागी उम्मेद्वारहरुलाई बेला न कुबेला दुःख दिने अनि पैसा असुल्ने नियत बोक्नु दुःखद छ ।

निर्वाचन आयोगले कानुनी छिद्रको च्याखे थापेर पैसा असुल्ने काम बन्द गर्नुपर्दछ । निर्वाचनको ५ महिना पछाडि गलत नियतले दिइने निर्देशन स्वीकार्नुहुँदैन । यदि आयोगलाई पैसाकै अभाव परेको हो भने सबै मिलेर पैसाको जोहो गर्न लागौं । निर्वाचन आयोग आफैंले छाडा र अलोकतान्त्रिक माध्यमबाट पैसा असुल्न लाग्ने होइन ।

गत वर्षको स्थानीय तथा संघीय र प्रादेशिक चुनावमा निर्वाचन आयोगले चुनाव पछाडि जसरी उम्मेद्वारहरुलाई बदनियत गर्ने र नियोजित कानुनी च्याखे थापेर आर्थिक जरिवाना थोपर्ने काम गरेको छ, वास्तवमा अहिलेका प्रमुख निर्वाचन आयुक्त लगायत अरु सबै आयुक्तहरु पदच्युत गरेर कानुनी कारबाहीको भागीदार बनाउन योग्य छन् । मलाई विश्वास छ, अदालतले निर्वाचन आयोगले देखाएको स्वेच्छाचारी तथा अलोकतान्त्रिक गतिविधिमाथि लगाम लगाउने छ ।

*(लेखक गत वर्षको प्रादेशिक निर्वाचनमा काठमाडौं ५ (ख) बाट बागमती प्रदेश सभाको लागि प्रत्यासी स्वतन्त्र उम्मेद्वार थिए । स्रोतः अनलाईनखबर)*

# फोहरबाट मोहर बनाउने अभियानमा ध्यान दिनु आवश्यक छ : मन्त्री मोदी

काठमाडौंः संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले फोहरबाट मोहर बनाउने अभियानमा ध्यान दिन आवश्यक भएको बताएका छन् ।

फोहरमैला व्यवस्थापनसम्बन्धी कानूनको अन्तिम मस्यौदा तयारीका लागि आज ललितपुरमा आयोजित छलफल तथा अन्तक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन् । मन्त्री मोदीले भने, 'फोहरबाट कसरी मोहर निकल्ने, यसलाई पुनः प्रयोगमा ल्याएर कसरी बहुउपयोगी बनाउने भन्ने सन्दर्भमा पनि हामीले ध्यान दिनुपर्छ । फोहरलाई व्यवस्थापन गर्दै पुनः प्रयोगका लागि ल्याउन उद्योगको रूपमा समेत कसरी विकास गर्ने भन्नेतिर ध्यान दिएर काम गर्न जरुरी छ ।' उनले फोहरमैला व्यवस्थापनमा प्रभावकारी कानून निर्माणका लागि मन्त्रालयले मस्यौदा तयारीको काम अन्तिम चरणमा पुऱ्याएकाले मौजुदा कानूनमा उचित सुझाव दिनसमेत आग्रह गरे । सबैका सुझावलाई समेटेर नै कानून निर्माण गर्ने आफ्नो र मन्त्रालयको सोच रहेको उनको भनाइ थियो ।

(स्रोतः अनलाईनखबर)

## मोटरसाइकल हराएको सुचना

मिति २०८० साल असार ९ गतेका दिन हेटौंडा–५, राईटोल बस्ने जय प्रसाद पोखेलको नाममा रहेको बा.प्र. ०३–००५ प ६४२० नम्बरको कालो रङ्गको १२५ सिसिको होण्डा साइन मोटर साइकल (च्याचिस नं. ME4JC65BENG019257, इन्जिन नं. JC65EG0255743) हेटौंडा–४ जोशी नर्सरी अगाडी पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सुचना प्रकाशित गरिन्छ । **सम्पर्कः ९८४५०२९३५२**

## VACANCY ANNOUNCEMENT

A highly reputed school is seeking an energetic, self-motivated and dynamic candidate for the following post.
Post -1 Accountant


| | |
|---|---|
| Educational Qualification | +2 (commerce) Bachelors will be prioritized. |
| Number of vacancies | 1(one) |
| Documents Required | CV, Application and photocopies of certificates |
| Job type | Full timer |
| Remuneration | Negotiable |
| Computer literate | Ms- word, Excell, Tally,any accounting packase |
| Others | Two wheelers licence, time flexibility, experience recommended |

Interested candidates may drop their handwritten application at the email of Mount Everest EB School, Hetauda-8, Kamane by 25thth Shrawan 2080.
[Experience in the related field will be extra advantage]

Principal
Mount Everest English Boarding School
Hetauda - 8, Kamane
ph.no. 057412405,9742559511
Mail : mteverest7262@gmail.com

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

## हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## स्वादिष्ट नेवारी खाजा




अब

होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

## यु-१९ फुटबल राष्ट्रिय छनोट

# मकवानपुरबाट ४१ जना खेलाडी छानिए



*जिल्लास्तरीय छनोटमा सफल १९ वर्ष उमेर समूहको फुटबल खेलाडीहरु ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले १९ वर्ष उमेर समूहका ४१ जना खेलाडीलाई प्रदेशस्तरीय छनोटमा सहभागी हुन पठाउने भएको छ । तीन दिन हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा छनोट प्रक्रिया पूरा गर्दै मंगलबार साँझ ४१ जना खेलाडीलाई प्रदेशस्तरीय छनोटमा सहभागी हुन पठाउने सूचि तयार पारिएको मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभएको छ ।

जिल्ला छनोटमा सहभागी १ सय २१ जना खेलाडी मध्ये पहिलो चरणमा सोमबार ६६ जनाको नाम सार्वजनिक गरिएको थियो । जिल्लाबाट छनोट भएका ४१ जना खेलाडीलाई आज बुधबारदेखि प्रशिक्षण दिइनेछ । शुक्रबारसम्म हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको खेल मैदानमा प्रशिक्षणपछि शनिबार प्रदेशस्तरीय छनोटमा सहभागी हुन मकवानपुरका खेलाडी काठमाडौं जाने महासचिव सुवेदीले बताउनुभएको छ । काठमाडौंमा आगामी आइतबार र सोमबार दुईदिन प्रदेशस्तरीय छनोट खेल हुनेछ । प्रदेशस्तरीय छनोट खेलमा सहभागी हुने खेलाडी आफ्नै खर्चमा जानुपर्नेछ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले १९ वर्ष उमेर समूहको साफ च्याम्पियनसीपमा सहभागी हुने राष्ट्रिय टिम तयार पार्न जिल्लादेखि नै छनोटको प्रक्रिया अपनाएको हो । मकवानपुर जिल्लामा छनोट प्रतियोगितामा सहभागी हुन हेटौंडा बजार क्षेत्र र आसपासका साथै जिल्लाका सबै पालिका र ग्रामीण क्षेत्रबाट पनि किशोर खेलाडी सहभागी भएको महासचिव सुवेदीले जानकारी दिनुभएको छ । जिल्लास्थित एन्फा प्रशिक्षक विजयलाल श्रेष्ठसहित प्रशिक्षकहरुको समूहले खेलाडी छनोट गरिरहेको छ ।

यसअघि १६ वर्ष उमेर समूहको छनोटको जिल्ला र प्रदेश छनोट सकिएको छ । प्रदेशस्तरीय छनोटमा मकवानपुरका १२ जना सफल भएका छन् । बागमती प्रदेश फुटबल संघको आयोजनामा गत बुधबार र बिहिबार एन्फा कम्प्लेक्समा भएको प्रदेशस्तरीय छनोटमा मकवानपुरबाट १२ जना खेलाडी छानिएका हुन् । प्रदेशस्तरीय छनोट खेलमा सहभागी १६ वर्ष उमेर समूहका खेलाडीले मंगलबार देखि काठमाडौंमा राष्ट्रियस्तरको छनोटमा सहभागिता जनाएका छन् । आगामी शनिबार एन्फाले १६ वर्ष उमेर समूहका खेलाडीको राष्ट्रिय टिमको प्रारम्भिक सूचि सार्वजनिक गर्ने बताइएको छ । मंगलबार देखि काठमाडौंमा सातै प्रदेशबाट १६ वर्ष उमेर समूहको २ सय ५० भन्दा बढी खेलाडी राष्ट्रिय छनोट प्रतियोगितामा सहभागी छन् ।

# ३१ विद्यालयमा सकियो परीक्षा

समाज संवाददाता

**हेटौंडाः हेटौंडा उपमहानगरभित्र रहेका ३१ वटा सामुदायिक विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सकिएको छ । गत साउन ९ गते मंगलबारदेखि एकसाथ सुरु भएको प्रथम त्रैमासिक परीक्षा मंगलबार सकिएको हो ।**

**नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाले तयार पारेको प्रश्नपत्रबाट परीक्षा सञ्चालन गरेका विद्यालयहरुको त्रैमासिक परीक्षा सकिएको छ । समितिले ४ कक्षादेखि १० कक्षासम्मको प्रश्नपत्र तयार गरी विद्यालयहरुलाई उपलब्ध गराएको थियो । प्रथम त्रैमासिक परीक्षामा समितिको प्रश्नपत्रबाट करिब ५ हजार विद्यार्थीले परीक्षा दिएको समितिका अध्यक्ष सागर खतिवडाले बताउनुभयो ।**

**परीक्षा सकिएसँगै बुधबारदेखि भदौ १ गतेसम्म विद्यालय बन्द रहनेछ । गत साउन २ गतेदेखि केही सामुदायिक विद्यालयले सुरु गरेको परीक्षा भने यसअघि नै सकिइसकेको छ । ती विद्यालयहरुमा भने अहिले वर्षे बिदा भइरहेको छ ।**

# हेटौंडा उपमहानगर पालिकाको सेवा बन्द

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको सेवा मंगलबार बन्द रहने भएको छ । उपमहानगरपालिकाको सवारी चालक सञ्जु लोप्चनको निधनको शोकमा मंगलबार एकदिन उपमहानगरपालिकाको कार्यालयको काम बन्द रहने जानकारी गराएको छ ।

उपमहानगरपालिकाको प्रशासन महाशाखाकी प्रमुख शान्ति विश्वकर्माले सोमबार एक सूचना जारी गर्नुहुँदै अत्यावश्यक सेवाबाहेक नियमित कामकाज बन्द गरिने जानकारी गराइएको छ । उपमहानगरपालिकाको आधिकारीको अवलोकन भ्रमणका लागि पूर्वी नेपालको इलाम जिल्लामा पुगेका लोप्चनको आइतबार निधन भएको थियो ।

# भूइँकटहरको थोकमूल्य प्रतिगोटा ११० रुपैयाँ



*हेटौंडा-१, राप्तीबगरस्थित तरकारी तथा फलफुलको थोकबजार व्यवसायीले विक्रीका लागि राखेको भुइँकटहर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा बजारमा भूइँकटहरको थोकमूल्य प्रतिगोटा १ सय १० रुपैयाँ रहेको छ । छिमेकी मुलुक भारतबाट आयात गरिएका भुइँकटहर अहिले हेटौंडा बजारमा पाइने प्रमुख फलफुल मध्येको एक हो । थोकमूल्य १ सय १० रुपैयाँ भए पनि उपभोक्ता मूल्य भने १ सय ८० रुपैयाँदेखि २ सय रुपैयाँसम्म कायम गरिएको पाइएको छ ।

हेटौंडा-१, राप्तीबगरस्थित थोक तरकारी तथा फलफुल बजारका व्यवसायी हरिओम साहका अनुसार अहिले भुइँकटहरको प्रमुख मौसम हो । यद्यपि अधिकांश फलफुल बाह्रै महिना उपलब्ध भइरहेका छन् । भुइँकटहर पनि बजारमा बाह्रै महिना उपलब्ध हुने गरेको व्यवसायी साह बताउनुहुन्छ । भुइँकटहर खुद्रा व्यवसायीले काटेर बिक्री गर्ने गरेका छन् भने केही व्यवसायीले जुस बनाएर पनि विक्री गर्ने गरेका छन् । व्यवसायीले ठेलामा राखेर भुइँकटहर बजार तथा आवासीय क्षेत्रमा डुलाएर विक्री गर्ने गरेका छन् ।

भुइँकटहर छिल्न झन्झटिलो हुने भएकोले व्यवसायीहरुले मिहिनेत गरेर बढी मूल्यमा विक्री गर्ने गरेका छन् । व्यवसायीको मिहिनेतका कारण पनि उपभोक्ताले बढी मूल्य तिरेर खरिद गर्ने गरेका छन् । रसिलो फल भुइँकटहर पूर्वि नेपालमा पनि राम्रो उत्पादन हुने गरेको व्यवसायीको भनाइ छ । मकवानपुर जिल्लामा पनि भुइँकटहरको उत्पादन हुने गरेको छ । मकवानपुर जिल्लाको उत्पादन सानो र थोरै भए पनि प्रमुख मौसममा बजारमा खरिद गर्न सकिन्छ । भारतबाट उल्लेख्य मात्रामा भुइँकटहर हेटौंडाको थोक बजारमा आयात भए पनि बजारमा खपत भने राम्रोसँग हुन नसकेको थोक व्यवसायी साहले बताउनुभयो । गत वर्षको तुलना केही महंगो भएकोले उपभोक्ताले मूल्य सुनेपछि किन्न आनाकानी गर्ने गरेको साह बताउनुहुन्छ ।

# नुवाकोटमा मिडिया सम्मेलन हुने

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले आगामी भदौ २२ र २३ गते नुवाकोट जिल्लामा मिडिया सम्मेलनको आयोजना गर्ने भएको छ । मंगलबार हेटौंडामा बसेको महासंघ प्रदेश समितिको बैठकले प्रदेश अध्यक्ष शिव देवकोटाको गृहजिल्लामा मिडिया सम्मेलन गर्ने निर्णय गरेको हो ।

सम्मेलनमा बागमती प्रदेशभित्रका सञ्चारमाध्यमको हीत र प्रवर्द्धन, सञ्चारकर्मीहरुको वर्तमान अवस्था, समस्या र चुनौती, सञ्चार सम्बद्ध ऐन, नियम र त्यसको प्रभाव लगायतका विषयमा बृहत्त छलफल गर्ने महासचिव कृष्ण सारु मगरले जारी गर्नुभएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । बैठकले 'सदस्यता शुद्धीकरण मापदण्ड २०७९' अनुसार महासंघको सदस्यता शुद्धीकरणका लागि जिल्ला शाखाको कार्यप्रति धन्यवाद व्यक्त गरेको छ ।

महासंघको प्रदेश समितिले जिल्ला शाखाहरुबाट प्राप्त नयाँ सदस्यता र नवीकरणको नामावली सार्वजनिक गरेपछि प्राप्त गुनासो/उजुरीमा मागदावी लाग्ने हो वा होइन आधार र कारणसहित खुलाएर प्रमाणसहितको यथार्थ विवरण साउन मसान्तभित्र माग गर्ने निर्णय गरेको छ । प्रदेश समितिमा प्राप्त उजुरी/गुनासो बारे यथार्थ विवरण बुझी साउन मसान्तभित्र प्रतिवेदन पेश गर्न जिल्लागत कार्यदल गठन गरिएको छ ।

प्रदेश समितिका पदाधिकारीको संयोजकत्वमा कार्यदल गठन गरिएको छ । मंगलबारको बैठकले महासंघ बागमती प्रदेश समितिको पदाधिकारी बैठक आउँदो भदौ १ गते हेटौंडामा गर्ने निर्णय गरेको छ । यस्तै पत्रकार सम्बद्ध बागमती प्रदेशस्तरीय संघ/संगठनका नेतृत्वसँगको बैठक भदौ २ गते हेटौंडामा गर्ने निर्णय गरेको प्रदेश समितिले भदौ ९ गते कार्यसमितिको पूर्ण बैठक धादिङ जिल्लामा गर्ने निर्णय गरेको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# संघीय शिक्षा ऐन संसदमा पेश गर्न मन्त्रिपरिषदको स्वीकृति

**काठमाडौंः सरकारले संघीय शिक्षा ऐन संसदमा पेश गर्ने भएको छ । मंगलबार साँझ सिंहदरबारमा बसेको मन्त्रिपरिषदको बैठकले संघीय शिक्षा ऐन संसदमा पेश गर्न स्वीकृति दिने निर्णय गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।**

**बैठकमा लम्पी स्किनको विषयमा पनि गम्भीरतापूर्वक छलफल भएको उनले बताइन् । राहत क्षतिपूर्तिको व्यवस्था गर्न कृषि मन्त्रालयले प्रस्ताव बनाउने निर्णय भएको उनले जानकारी दिएकी छन् । अर्थ मन्त्रालयको प्रस्तावमा विश्व वातावरण सुविधाबाट प्राप्त हुने २० करोड २२ लाख अनुदान स्वीकृत गर्ने मन्त्रिपरिषदले निर्णय गरेको छ । विज्ञापन नियमन गर्ने नियमावली, २०८० को संशोधन गर्न स्वीकृति दिएको मन्त्री शर्माले बताइन् । (स्रोतः सेतोपाटी)**



**घरमै भत्ताः** मकवानपुरको मनहरी गाउँपालिका-५ मा स्थानीयलाई घरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गर्नुहुँदै गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगर ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

स्तनपानः
बालबालिकालाई वरदान

- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दूधले बालबालिकालाई खोपसरहको काम गर्छ र
- स्तनपानले शिशुको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक तथा सामाजिक विकासमा मद्धत गर्छ ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूध जस्तो पोषिलो हुँदैन ।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ